# खाद्यान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको विश्लेषणात्मक अध्ययन
## (त्रिवेणी गा.वि.स., पर्वत)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको आंशिक आवश्यकता परिपुर्तिका लागि प्रस्तुत

**शोध पत्र**

शोधकर्ता
ऋषि राम पाण्डे
स्नातकोत्तर तह चौथो सेमेस्टर
क्याम्पस रोल नं. : ६३८
परीक्षा रोल नं. : २८००४३
त्रि.वि.दर्ता न. : ९-२-५९४-४४-२००९
भर्ना वर्ष : २०७०
क्र.सं : ४८१

शिक्षाशास्त्र केन्द्रीय विभाग
अर्थशास्त्र शिक्षा विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०७३

# सिफारिस-पत्र (Recommendation Letter)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अर्न्तगत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौँथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि **"खाद्यान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको विश्लेषणात्मक अध्ययन (त्रिवेणी गा.वि.स., पर्वत)"** शीर्षकको शोधपत्र मेरो निर्देशन, सुझाव एवम् सल्लाहमा श्री ऋषि राम पाण्डेले तयार पार्नुभएको हो । उक्त शोधपत्र स्वीकृतको लागि सिफारिस गर्दछु ।

....................................

उप प्रा. मीनराज पौडेल

शोध निर्देशक

अर्थशास्त्र शिक्षा केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौँ

मिति : ................................

# स्वीकृति-पत्र (Approval Letter)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अर्न्तगत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौँथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि **"खाद्यान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको विश्लेषणात्मक अध्ययन (त्रिवेणी गा.वि.स., पर्वत)"** शीर्षकको शोधपत्र अर्थशास्त्र शिक्षा स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ।

**शोधपत्र मूल्याङ्कन समिति**

(१) विभागीय प्रमुख / शोध निर्देशक ..................................

उप-प्रा. मीनराज पौडेल

(२) बाह्य सुपरिवेक्षक ..................................

प्रा.डा.जीवनाथ धिताल

(३) DRC सदस्य

..................................

प्रा.डा.ध्रुवराज शिवाकोटी

मिति : ..........................

## कृतज्ञताज्ञापन (Acknowledgement)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह चौँथो सेमेस्टरको आंशिक आवश्यकता परिपुर्ति गर्नका लागि **"खाद्यान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको विश्लेषणात्मक अध्ययन (त्रिवेणी गा.वि.स., पर्वत)"** शीर्षक भएको शोधपत्र प्रस्तुत गरेको छु । सर्वप्रथम शोधपत्र प्रस्तावना स्वीकृत गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका विभागीय प्रमुख आदरणीय गुरु उप-प्राध्यापक मीनराज पौडेल ज्यूप्रति सदैव आभारी छु । यस शोध पत्रले यो क्षेत्रसँग सम्बन्धित विषयमा जानकारी लिन इच्छुक व्यक्ति अनुसन्धानकर्ता नीति निर्माताहरुलाई  सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु ।

प्रस्तुत शोध पत्रलाई उपलब्धीमूलक बनाउन शोध पत्र प्रस्तावना देखि शोध पत्रको अन्त्यसम्म निरन्तर रुपमा सहज ढङ्गबाट अमूल्य सल्लाह, सुझाव, प्रेरणा, हौसला र कुशल निर्देशन दिई सद्भावपूर्ण सहयोग गर्नुहुने शोध निर्देशक तथा अर्थशास्त्र शिक्षा विभागका विभागीय प्रमुख आदरणीय गुरु उप-प्राध्यापक मीनराज पौडेल ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु, साथै सदैव आवश्यक सल्लाह, सुझाव तथा मार्गदर्शन गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका श्रद्धेय गुरुहरु प्रा.डा. महेशराज दाहाल, प्रा.डा. ध्रुव शिवाकोटी, प्रा.डा. शान्ता सिंह, शि.स. पद्मा कोइराला र आ.शि. जगदिशमूर्ति कोइराला लगायत अर्थशास्त्र शिक्षा विभागका सम्पूर्ण गुरुहरुप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अनुसन्धानका लागि गरिएको स्थलगत अध्ययनका क्रममा मलाई आवश्यक सूचना तथा तथ्याङ्कहरु खुलस्त रुपमा प्रश्नहरुको उत्तर दिई सहयोग गर्नुहुने पर्वत जिल्ला, त्रिवेणी गा.वि.स. वडा नं १ र २ का सम्पूर्ण कृषकहरु तथा कृषि प्राविधिक भविलाल नेपाली प्रति विशेष धन्यवाद दिन चहान्छु । साथै मेरो जीवनका हरेक क्षणहरुमा सल्लाह, सुझाव, प्रेरणा र प्रोत्साहन दिई विश्वविद्यालयसम्मको अध्ययन पूरा गर्न आर्शिवाद प्रदान गर्नुहुने मेरा बुबाआमा, दाजुभाउजु, दिदीभिनाजु र सम्पूर्ण आफन्तजनप्रति आभार प्रकट गर्दछु । अन्त्यमा शोधपत्र लेखनको क्रममा मलाई प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नुहुने मेरा आत्मीय मित्रहरु प्रति धन्यवाद ज्ञापन गर्दछु ।

**शोधकर्ता**

**ऋषि राम पाण्डे**

# शोधसार (ABSTRACT)

खाद्यान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको विश्लेषणात्मक अध्ययन गर्न तयार गरिएको यस शोधपत्रमा नमुना छनोटमा परेका पर्वत जिल्ला त्रिवेणी गा.वि.स. वडा नं १ र २ मा रहेका सम्पूर्ण घरधुरीहरुको खाद्यान्न उत्पादनको परिमाण, ग्रामिण जनताको खाद्यान्न उपभोगको अवस्था र स्थानीय किसानको पारिवारीक आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको थियो ।

शोधपत्रको उद्देश्य पूरा गर्न परिमाणात्मक र गुणात्मक दुवै ढाँचाको प्रयोग गरी प्राथमिक र द्धितीय स्रोतका माध्यमबाट तथ्याङ्क संकलन गरी प्राप्त तथ्याङ्कलाई आवश्यकता अनुसार तालिका, स्तम्भचित्र, र वृत्तचित्रको माध्यमबाट विश्लेषण गरिएको छ । प्राथमिक स्रोतबाट तथ्यांक संकलन गर्दा अध्ययन क्षेत्रका घरधुरीहरुलाई प्रत्यक्ष सोधेर संकलन गरिएको थियो भने यसका साथै अवलोकन र छलफल निर्देशिकाको माध्यमबाट प्रत्यक्ष अवलोकन र लक्षित समूह छलफल संचालन गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो । जसका निम्ति उद्देश्यमूलक र सुविधाजनक नमूना छनोट विधिका आधारमा अध्ययन क्षेत्र, वडा र उक्त वडामा रहेका घरधुरीहरुलाई छनोट गरिएको थियो । जसमा त्रिवेणी गा.वि.स. का वडा नं १ र २ का ९५ घरधुरीलाई संगणना नमुना विधिको आधारमा छनोट गरिएको थियो । द्धितीय तथ्याङ्कको स्रोतको रुपमा सम्बन्धित जिल्ला विकास समितिको कार्यलय, अर्थमन्त्रालय, कृषि सेवा केन्द्र, गा.वि.स.को कार्यलय, विद्धानहरुका लेख रचना र अन्य प्रकाशित र अप्रकाशित तथ्याङ्कहरुलाई आधार मानिएको थियो ।

अध्ययन क्षेत्रमा खाद्यान्न बाली अन्तर्गत धान, मकै, गहुँ र कोदोको खेतीको अध्ययन गरिएको थियो । यस क्षेत्रमा खाद्यान्न बाली लगाएको क्षेत्रफल ८०९ रोपनी रहेको थियो । जसमा धान, मकै, गहुँ र कोदो लगाएको क्षेत्रफल क्रमशः ३००, २७५, ९४ र १४० रोपनी रहेको थियो । जसमा सवैभन्दा बढी धानबाली लगाएको क्षेत्रफल रहेको पाइयो । खाद्यान्न उत्पादन तर्फ कुल २,५८,५२५ के.जी. रहेको पाईयो । जसमा धानको उत्पादन ४४.७२ प्रतिशत, मकैको उत्पादन ४०.८४ प्रतिशत, गहुँको उत्पादन ६.१९ प्रतिशत र कोदोको उत्पादन ८.३४ प्रतिशत रहेको पाईयो ।

अध्ययन क्षेत्रमा खाद्यान्न उपभोगको अवस्थालाई हेर्दा खाद्यान्नको कुल उपभोग परिमाण ३,३४,४०० के.जी. रहेको छ । जसमा स्वयं आफ्नो उत्पादनबाट उपभोग परिमाण

२,५८,३३२ रहेको देखियो भने खरिदबाट उपभोग परिमाण ७६,०६८ के.जी. रहेको पाईयो । सम्पूर्ण खाद्यान्नको औसत माग, उत्पादन र अपुगको अवस्थालाई अध्ययन गर्दा प्रतिघरधुरी औसत माग ३,५२० के.जी., औसत उत्पादन २,७१९.२८ के.जी. र औसत अपुग खाद्यान्न ८००.७१ के.जी. रहेको देखिन्छ । प्रतिव्यक्ति औसत माग, उत्पादन र अपुगको अवस्थालाई अध्ययन गर्दा प्रतिव्यक्ति औसत माग ५५७.३३ के.जी., औसत उत्पादन ४३०.५५ के.जी. र अपुग खाद्यान्न १२६.७८ के.जी. रहेको देखिन्छ ।

अध्ययन क्षेत्र खाद्यान्नमा आत्मनिर्भर हुन नसकेको पाईन्छ । आफूले उत्पादन गरेको खाद्यान्नबाट खान पुग्ने समयलाई हेर्दा १ देखी ३ महिना सम्म पुग्ने घरधुरी प्रतिशत २५.२६ र बेचबिखन गर्न पुग्ने घरधुरी ४.२१ प्रतिशत रहेको देखिन्छ । खाद्यान्नको  गुणलाई हेर्दा अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरुले जनाएको प्रतिक्रिया हेर्दा धानमा जर्नेली, मकैमा मनकामना १, गहुँमा धौलागिरी र कोदोमा डल्लेलाई राम्रो गुणको रुपमा उल्लेख गरेको पाईन्छ ।

अध्ययन क्षेत्रका ९५ घरधुरीले खाद्यान्न तथा अन्यक्षेत्र कृषि तथा पशुपालन, व्यापार तथा उधोग, वैदेशिक रोजगार र ज्यालामजदुरीबाट प्राप्त वार्षिक कुल आय रु.२,०१,३६,५०० रहेको छ भने खर्चतर्फ पारिवारीक वार्षिक कुल खर्च रु.१,२५,८१,१०० रहेको छ भने कुल वार्षिक बचत रु.७५,५५,४०० रहेको छ । त्यसैगरि प्रतिघरधुरी औषत वार्षिक आय रु.२,११,९६३ रहेको छ । प्रतिघरधुरी वार्षिक औसत खर्च रु.१,३२,४३२.६३ रहेको पाईन्छ भने प्रतिघरधुरी वार्षिक बचत रु.७९,५३०.५३ रहेको पाईन्छ ।

अध्ययन क्षेत्रमा आर्थिक रुपले सक्रिय जनसंख्या १५-६० वर्षका ५८.५ प्रतिशत रहेको छ । अध्ययन क्षेत्रको शैक्षिक अवस्थालाई हेर्दा साक्षर जनसंख्या ४७४ जना अर्थात ९२.०३ प्रतिशत रहेको र त्यस्तै गरी निरक्षर तर्फ जम्मा ४१ जना अर्थात ७.९७ प्रतिशत रहेको पाईन्छ । अध्ययन क्षेत्रमा रहेका घरधुरीको पारिवारिक आम्दानीका आधारमा सरकारी तथा निजी विद्यालयमा पठाउने बालबालिकाहरुलाई देखाईएको छ । जहाँ आम्दानी बढी भएका घरपरिवारले निजी विद्यालयमा पठाएको पाइयो भने कम आम्दानी भएका घरधुरीले आफ्ना बालबालिकाहरुलाई सरकारी विद्यालयमा पठाएको अध्ययनले देखाएको छ ।

# विषय सूची (CONTENTS)


पृष्ठ

**सिफारिस पत्र (RECOMMENDATION LETTER)** **i**

**स्वीकृति पत्र (APPROVAL LETTER)** **ii**

**कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENTS)** **iii**

**शोधसार (ABSTRACT)** **iv**

**विषय सूची (CONTENTS)** **vi**

**तालिका सूची (LIST OF TABLE)** **x**

**चित्र सूची (LIST OF FIGURE)** **xi**

**संक्षिप्त शब्दावली (ABBERVIATION)** **xii**

**अध्याय एक (CHAPTER ONE)**

१. परिचय (INTRODUCTION) १

१.१ अध्ययनको पृष्ठभूमी (Background of the study) १

१.२ समस्याको कथन (Statement of the Problem) ४

१.३ अध्ययनको महत्त्व (Importance of the study) ५

१.४ अध्ययनको उद्देश्य (Objectives of the study) ७

१.५ अनुसन्धान प्रश्न (Research Questions) ७

१.६ अध्ययनको परिसीमाहरु (Delimitation of the study) ७

१.७ मुख्य शब्दावलीको कार्यकारी परिभाषा (Operational Definition of Key Terms) ८

१.८ अध्ययनको संगठन (Organization of the study) ९

**अध्याय दुई (CHAPTER TWO)**

**२. सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा (REVIEW OF RELATED LITERATURE AND THEORITICAL FRAMEWORK)** **१०**

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review the Theoritical Literature) १०

२.२ अनुसन्धनात्मक साहित्यको पुनरावलोकन (Review of the Research Literature) १५

२.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेयता (Implication of the Review for the Research) १९
२.४ अनुसन्धान अन्तर (Research Gap) २०
२.५ सैद्धान्तिक संरचना (Theoritical Framework) २१
२.६ कार्यात्मक संरचना (Functional Framework) २२

## अध्याय तीन (CHAPTER THREE)

**३. अनुसन्धान विधि र प्रक्रिया (METHODS AND PROCEDURES) २३**
३.१ अनुसन्धान ढाँचा (Research Design) २३
३.२ तथ्यांकको स्रोत (Source of Data) २३
३.२.१ प्राथमिक स्रोत (Primary Source) २४
३.२.२ द्वितीय स्रोत (Secondary Source) २४
३.३ जनसंख्या, नमुना आकार र नमूना छनौट रणनीति (Population, Sample Size and Sampling Strategy) २४
३.३.१ जनसंख्या (Population) २४
३.३.२ नमूना आकार (Sample Size) २५
३.३.३ नमूना छनौट रणनीति (Sampling Strategy) २५
३.४ अध्ययन क्षेत्रको परिचय (Introduction of Study Area) २५
३.५ तथ्यांक संकलनका साधनहरु (Tools of Data Collection) २६
३.५.१ प्रश्नावली (Questionnaire) २६
३.५.२ अवलोकन सुचि (Observation List) २६
३.५.३ छलफल निर्देशिका (Discussion Guide ) २६
३.६ तथ्यांक संकलनका प्रविधीहरु (Techniques of Data Collection) २७
३.६.१ अर्न्तवार्ता (Interview) २७
३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation ) २७
३.५.३ लक्षित समूह छलफल (Focused Group Discussion) २७
३.७ तथ्यांक विश्लेषण (Data Analysis/ Procedures) २८
३.६ नीतिगत प्रावधान (Ethical Consideration) २८

## अध्याय चार (CHAPTER FOUR)


४. तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण (ALALYSIS AND INTERPRETATION OF DATA) २९

४.१ पर्वत जिल्लाको परिचय (Introducation of Parbat District) २९

४.१.१ जातिगत विवरण (Population According to Cast) ३०

४.१.२ धार्मिक विवरण (Population According to Religion) ३१

४.१.३ शैक्षिक विवरण (Educational Details) ३२

४.१.४ पेशागत विवरण (Occupational details) ३२

४.२ त्रिवेणी गा.वि.स.को परिचय (Introduction of Tribeni V.D.C.) ३३

४.२.१ ऐतिहासिक विवरण (Historic Description) ३३

४.२.२ भौगोलिक स्थिती (Geographical Location) ३४

४.२.३ नदिनाला (Drainge System) ३४

४.२.४ भू-उपयोग (Land Use) ३४

४.२.५ हावापानीको अवस्था (Situation of Climate) ३५

४.२.६ जनसांख्यिक विवरण (Demographic Description) ३५

४.३ अध्ययन क्षेत्रको जनसांख्यिकीय अवस्था (Demographical Status of the Study Area) ३५

४.३.१ उमेरगत जनसंख्या (Agewise Population ) ३६

४.३.२ लिङ्गगत जनसंख्या संरचना (Genderwise Population ) ३७

४.३.३ जातिगत जनसंख्या संरचना (Ethnicity Structure) ३८

४.४ खाद्यान्न बालीको क्षेत्रफल र उत्पादन (Area and Production of Cereal Crops) ३८

४.४.१ धान (Paddy) ३९

४.४.२ मकै (Maize) ४०

४.४.३ गहुँ (Wheat) ४१

४.४.४ कोदो (Millet) ४२

४.४.५ खाद्यान्न बालीको मूल्य (Price of Cereal Crops) ४४

४.५ खाद्यान्न उपभोगको अवस्था (Situation of Cereal Consumption) ४४

४.५.१ धानको उपभोग (Consumption of Paddy) ४५
४.५.२ मकैको उपभोग (Consumption of Maize) ४५
४.५.३ गहुँको उपभोग (Consumption of Wheat) ४६
४.५.४ कोदोको उपभोग (Consumption of Millet) ४७
४.५.५ खाद्यान्न पूर्तिको अवस्था (Supply of Cereal Production) ४८
४.६ खाद्यान्न बालीको गुण (Quality of Cereal Crops) ४९
४.७ खाद्यान्नको माग (Demand of Cereal Crops) ५३
४.८ अपुग खाद्यान्नको व्यवस्थापन (Management of Lack Cereal) ५४
४.९ किसानको पारिवारिक आर्थिक अवस्था (Economic Condition of Agricultrist family) ५४
४.९.१ घरपरिवारको तहगत वार्षिक आम्दानी (Levelwise Annual family Income) ५५
४.९.२ घरपरिवारको स्रोतगत वार्षिक आम्दानी (Sourcewise Annual family Income) ५६
४.९.३ घरपरिवारको तहगत वार्षिक खर्च (Levelwise Annual Expenditure of the family ) ५८
४.९.४ घरपरिवारको क्षेत्रगत वार्षिक खर्च (Sectorwise Annual Expenditure of the family ) ५८
४.९.५ घरपरिवारको वार्षिक बचत (Annual Saving of the family) ६०
४.९.६ घरपरिवारको भू-स्वामित्व (Land Ownership of the family) ६१
४.१० नमुना क्षेत्रको शैक्षिक अवस्था (Educational Condition of Study Area) ६२
४.१०.१ पारिवारिक साक्षरता तथा निरक्षरता (Educational Condition of family ) ६२
४.१०.२ तहगत पारिवारिक शैक्षिक विवरण (Levelwise Educational Details of family ) ६३
४.१०.३ घरमुलीको शैक्षिक अवस्था (Educational Condition of Family Leaders ) ६५

४.१०.४ उमेरगत बालबालिका संख्या (Number of Children on the Basis of Age) ६६
४.१०.५ बालबालिकाको शैक्षिक अवस्था (Educational Condition of Child) ६७
४.१०.६ पारिवारिक आर्थिक अवस्थाले पारेको शैक्षिक प्रभाव (Economic Effect of Educational Sector) ६८
४.११ अध्ययन क्षेत्रका समस्याहरु (Problems of the Study Area) ७०
४.१२ अध्ययनको सारांश (Summary of the Study) ७१

## अध्याय पाँच (CHAPTER FIVE)

**५. निष्कर्ष र सुझावहरु (CONCLUSION AND RECOMMENDATIONS) ७५**
५.१ निष्कर्ष (Conclusion) ७५
५.२ सुझावहरु (Recommendations) ७७
५.२.१ नीतिसम्बन्धि सुझाव (Policy Related Recommendations ) ७७
५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु (Practice Related Recommendations) ७८
५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरु (Further Research Related Recommendations) ७९
सन्दर्भ सामग्रीहरु (References)
अनुसूचीहरु (Appendices)

# तालिका सूची (LIST OF TABLES)

पृष्ठ


| | | |
|---|---|---|
| तालिका ४.१ | पर्वत जिल्लाको जातिगत विवरण-२०७२ | ३० |
| तालिका ४.२ | धर्मको आधारमा पर्वत जिल्लाको जनसंख्या विवरण-२०७२ | ३१ |
| तालिका ४.३ | पर्वत जिल्लाको शैक्षिक संस्थाको विवरण-२०७२ | ३२ |
| तालिका ४.४ | पर्वत जिल्लाको पेशागत जनसंख्याको विवरण-२०७२ | ३३ |
| तालिका ४.५ | त्रिवेणी गा.वि.स. को भू उपयोगको स्थिति-२०७२ | ३५ |
| तालिका ४.६ | उमेरगत रुपमा अध्ययन क्षेत्रको जनसंख्याको संरचना-२०७२ | ३७ |
| तालिका ४.७ | लिङ्गको आधारमा अध्ययन क्षेत्रको जनसंख्या-२०७२ | ३७ |
| तालिका ४.८ | जातिगत आधारमा खाद्यान्न उत्पादनमा संलग्न घरधुरी-२०७२ | ३८ |
| तालिका ४.९ | धान बालीमा संलग्न घरधुरी संख्या, क्षेत्रफल तथा उत्पादन-२०७२ | ४० |
| तालिका ४.१० | मकै बालीमा संलग्न घरधुरी संख्या, क्षेत्रफल तथा उत्पादन-२०७२ | ४१ |
| तालिका ४.११ | गहुँ बालीमा संलग्न घरधुरी संख्या, क्षेत्रफल तथा उत्पादन-२०७२ | ४१ |
| तालिका ४.१२ | कोदो बालीमा संलग्न घरधुरी संख्या, क्षेत्रफल तथा उत्पादन-२०७२ | ४२ |
| तालिका ४.१३ | खाद्यान्न बालीमा संलग्न घरधुरी, क्षेत्रफल तथा उत्पादन-२०७२ | ४३ |
| तालिका ४.१४ | खाद्यान्न बालीको मूल्य-२०७२ | ४५ |
| तालिका ४.१५ | धान उपभोगको अवस्था-२०७२ | ४५ |
| तालिका ४.१६ | मकै उपभोगको अवस्था-२०७२ | ४६ |
| तालिका ४.१७ | गहुँ उपभोगको अवस्था-२०७२ | ४७ |
| तालिका ४.१८ | कोदो उपभोगको अवस्था-२०७२ | ४७ |
| तालिका ४.१९ | खाद्यान्न पूर्तिको अवस्था-२०७२ | ४८ |
| तालिका ४.२० | धान बालीको गुणस्तरको तह-२०७३ | ५० |
| तालिका ४.२१ | मकै बालीको गुणस्तरको तह-२०७३ | ५१ |
| तालिका ४.२२ | गहुँ बालीको गुणस्तरको तह-२०७३ | ५२ |
| तालिका ४.२३ | कोदो बालीको गुणस्तरको तह-२०७३ | ५२ |
| तालिका ४.२४ | खाद्यान्नको माग र खाद्यान्न उत्पादनको अवस्था-२०७२ | ५३ |
| तालिका ४.२५ | घरपरिवारको तहगत वार्षिक आम्दानी-२०७२ | ५५ |
| तालिका ४.२६ | घरपरिवारको स्रोतगत वार्षिक आम्दानी-२०७२ | ५६ |

| | | |
|---|---|---|
| तालिका ४.२७ | घरपरिवारको तहगत वार्षिक खर्च-२०७२ | ५८ |
| तालिका ४.२८ | घरपरिवारको क्षेत्रगत वार्षिक खर्च-२०७२ | ५९ |
| तालिका ४.२९ | घरपरिवारको वार्षिक बचत-२०७२ | ६१ |
| तालिका ४.३० | अध्ययन क्षेत्रको घरपरिवारका भू स्वामित्व-२०७२ | ६२ |
| तालिका ४.३१ | नमुना छनोटमा परेका घरपरिवारको शैक्षिक स्थिती-२०७२ | ६३ |
| तालिका ४.३२ | तहगत पारिवारिक शैक्षिक अवस्था-२०७२ | ६४ |
| तालिका ४.३३ | घरमुलीको शैक्षिक अवस्था-२०७२ | ६५ |
| तालिका ४.३४ | बालबालिकाको उमेरगत विवरण-२०७२ | ६७ |
| तालिका ४.३५ | शैक्षिक संस्थासँग सम्वन्धित विवरण -२०७२ | ६८ |
| तालिका ४.३३ | आर्थिक अवस्थाले शैक्षिक अवस्थामा पारेको प्रभाव-२०७२ | ६९ |

# चित्र सूची (LIST OF FIGURE)


| | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | खाद्यान्न बालीको उत्पादन-२०७२ | ४४ |
| २. | खाद्यान्न पूर्तिको विवरण-२०७२ | ४९ |
| ३. | घरपरिवारको स्रोतगत वार्षिक आम्दानी-२०७२ | ५७ |
| ४. | घरपरिवारको क्षेत्रगत वार्षिक खर्च-२०७२ | ६० |
| ५. | घरमुलीको शैक्षिक अवस्था-२०७२ | ६६ |

## संक्षिप्त शब्दावली (Abbreviation)

के.जी. = किलोग्राम

आ.व. = आर्थिक वर्ष

जि.वि.स. = जिल्ला विकास समिति

गा.वि.स. = गाउँ विकास समिति

रु. = रुपैया

प्रा.वि. = प्राथामिक विद्यालय

मा.वि. = माध्यामिक विद्यालय

उ.मा.वि = उच्च माध्यामिक विद्यालय

हे = हेक्टर

रो = रोपनी

के.त.वि. = केन्द्रिय तथ्यांक विभाग

आ. स. = आर्थिक सर्वेक्षण